


# राष्ट्रिय वाणिज्य बैंक लि. समाचार


**देशको आर्थिक सामाजिक विकासमा ४८ वर्षदेखि समर्पित - राष्ट्रिय वाणिज्य बैंक**

वर्ष २१   अंक २ कार्तिक–पुस २०७०   Year 21  Vol 2  Nov. 2013-Jan. 2014


## विभिन्न स्थानमा राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय स्थापना/पुनर्स्थापना

**रामनगर** (रुपन्देही)/२०७० कार्तिक ९ गतेबाट रुपन्देही जिल्लाको एक व्यापारिक केन्द्र रामनगर (वुटवल चौराहा) मा पुनर्स्थापित राष्ट्रिय वाणिज्य बैंकको एक सय सत्चालिसौं शाखा कार्यालयद्वारा सेवा शुभारम्भ गरिएको छ । उक्त शाखा कार्यालयको बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्ण



*शाखा कार्यालय रामनगर, शुभारम्भ समारोहको एक झलक*

प्रसाद शर्माले पानसमा दीप प्रज्वलनका साथै चल्ती र बचत खाता खोल्ने प्रथम २ ग्राहकलाई चेक हस्तान्तरण गरी शुभारम्भ गर्नुभएको थियो । सो अवसरमा प्रमुख कार्यकारी अधिकृत शर्माले रावावैकले हालका दिनहरूमा हासिल गरेका उपलव्धिहरूबारे प्रकाश पार्दै रावावैकलाई हर आधारमा देशकै पहिलो नम्बरको बैंक बनाउन उत्शाहपूर्ण ढङ्गले प्रभावकारी ग्राहक सेवामा लाग्न सम्वध्द प्रवन्धक तथा कर्मचारीलाई निर्देशित गर्नुभयो ।

उक्त शुभारम्भका अवसरमा उद्योग वाणिज्य संघ वुटवलका अध्यक्ष सुरेन्द्र प्रसाद श्रेष्ठले यस स्थानमा बैंकको पुनस्थापनाबाट यस क्षेत्रका सर्वसाधारणमा बैकिंग पहुंच बढ्नुका साथै उद्यम व्यापार व्यवसायको विकासमा योगदान पुग्ने वताउँदै बैंकलाई प्रभावकारी रुपमा संचालन गर्न कर्जा प्रवाहलाई धितोकेन्द्रित भन्दा कारोवार ,वित्तीय विवरण र ग्राहकको सामाजिक प्रतिष्ठामा आधारित बनाउनु पर्ने वताउनुभयो ।रुपन्देही व्यापार संघका अध्यक्ष टंकप्रसाद पोखेलले आफू वि.सं. २०५३ देखि रावावैकसंग कारोवार गर्दैआएको स्मरण गर्दै हालका दिनमा बैंकको सेवा र कर्मचारी व्यवहारमा आएको सुधारप्रति प्रशन्नता प्रकट गर्नुभयो । राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालय ब्रान्च अपरेसन विभागका प्रमुख ओमप्रकाश आचार्य,रावावैंकका क्षेत्रीय कार्यालय पोखराका प्रवन्धक महेन्द्र प्रसाद अवस्थी ,अधिकृतहरू हितकाजी गुरुङ्ग र रामचन्द्र पौडेल, त्यस क्षेत्रका शाखा प्रवन्धकहरू र स्थानीय ग्राहकको समुपस्थिति रहेको उक्त समारोहमा शाखा प्रवन्धक कृष्ण प्रसाद भुषालले अतिथिहरूलाई पुष्प गुच्छा प्रदान गरी स्वागत गर्नुभएको थियो भने लेखा अधिकृत केशव प्रधानले कार्यक्रम संचालन गर्नुभएको थियो ।

*बाँकी अन्तिम पृष्ठमा*

## रावाबैंकको ४९ औं वार्षिकोत्सव भव्यतापूर्वक मनाईंदै

देशकै दोश्रो पुरानो पूर्ण सरकारी स्वामित्वको राष्ट्रिय वाणिज्य बैंकको ४९ औं वार्षिकोत्सव भव्यतापूर्वक मनाउन बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्माको संरक्षकत्व तथा कार्यकारी निर्देशक ज्योतिचन्द्र ओझाको संयोजकत्वमा सबै नायव महाप्रवन्धकहरू, विभागीय प्रमुखहरू एवं १ उपप्रमुख सम्मिलित २१ सदस्यीय वार्षिकोत्सव कार्यक्रम मूल समिति गठन गरिएको छ । यसै सिलसिलामा बैंकका नाय महाप्रवन्धक गोपालचन्द्र शर्माको संयोजकत्वमा ३ सदस्यीय स्मारिका प्रकाशन उपसमिति,नायव महाप्रवन्धक भेषराज पन्थीको संयोजकत्वमा ४ सदस्यीय वागमती सफाई

*बाँकी अन्तिम पृष्ठमा*

## राष्ट्रसेवकको निवृत्तिभरण खातामै

राष्ट्रिय वाणिज्य बैंक परिसरमा विगतमा देखिने गरेका पेन्सन बुझ्ने राष्ट्रसेवकका लामा लामा पंक्तिका दृश्यहरु अब छिटै दुर्लभ हुँदैछन् । देशमा रहेका करिव १ लाख ८५ हजार पेन्सनरको पेन्सन रकम राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंक लिमिटेडका खातामा जम्मा हुने प्रणालीको शुभारम्भ पश्चात जीवनको लामो उर्वर कालखण्ड राष्ट्रसेवामा विताएर सेवा निवृत्त भएका राष्ट्रसेवकहरुले अब पेन्सन बुझ्न पट्टा बोकेर घन्टौं लाईनमा उभिनु पर्ने वाध्यता अन्त हुन लागेको हो ।

*बाँकी अन्तिम पृष्ठमा*

## यस अंकमा


- विभिन्न स्थानमा प्रगति समीक्षा गोष्ठी सम्पन्न
- कर्जा मूल्यांकन सम्बन्धी तालीम सम्पन्न
- ब्रान्चलेस बैकिंगका संचालकसंगको कुराकानी
- ब्रान्च प्रोफाइल शाखा कार्यालय महेन्द्रपुल
- सफलताको कथा : रावावैंक र वागमती बाख्रा पालन उद्योग
- सरुवा, तालीम,युनियन गतिविधि
  लगायतको स्थायी स्तम्भ




**रावाबैंकको वित्तीय सहयोगमा सञ्चालित बागमती बाख्रा पालन उद्योग(धार्के)मा पालिएको बोयर प्रजातिको खसी**

## सम्पादकीय

**सबै सरोकारवालाको,**
**सद्भाव र सहयोगमा**
**सेवाको ४९ औ वर्षमा पुग्यौ हामी**

**हामी आभारी छौ**

- ☞ हाम्रा आदरणीय ग्राहकवर्गप्रति
- ☞ नेपाल सरकार र नेपाल राष्ट्र बैंकप्रति
- ☞ सबै शुभेच्छुक र सरोकारवालासहित सम्पूर्ण नेपाली दाजुभाई दिदीवहिनीप्रति

**प्रतिवध्दता प्रकट गर्दछौ**

- ☞ आदरणीय ग्राहक महानुभावलाई आधुनिक एवं गुणस्तरीय सेवा उपलव्ध गराउने
- ☞ राष्ट्रले परिलक्षित गरेको वित्तीय पहुंच र वित्तीय समावेशिताको विस्तार गर्ने ।

# सरकारी कारोबार सम्बन्धी तालीम सम्पन्न

**मार्ग २९, २०७० हेटौडा,** राष्ट्रिय वाणिज्य वैक लि. केन्द्रीय कार्यालय तालीम तथा विकास विभागवाट मिति ०७० मार्ग २७ र



२८ गते सरकारी कारोवार विषयक २ दिने तालिम कार्यक्रम संचालन गरियो । उक्त तालिमको शुभारम्भ तथा कार्यक्रमको अध्यक्षता राष्ट्रिय वाणिज्य वैक लि. केन्द्रीय कार्यालय वित्त विभागका प्रमुख श्री सुरेन्द्र कुमार वजिमयोले गर्नु भएको थियो। उहाले पानसमा वत्ति वाली कार्यक्रम उदघाटन गर्दै राष्ट्रिय वाणिज्य वैक लि.ले संचालन गर्ने यस्ता तालिमले कर्मचारीलाई धेरै फाइदा पु–याउने धारणा व्यक्त गर्दै तालिममा सिकेका कुरा आफुमा मात्र सिमित नराखी आफना शाखाका सबै कर्मचारीहरू माझ साटासाट गर्दा तालिमको महत्व झन वढ्ने भएकोले सिकेको कुरा एकआपसमा विनिमय गर्न आग्रह गर्नुभयो । सो कार्यक्रममा सुचना तथा प्रविधि विभागका प्रमुख श्रीमति रमिता सुवाल, राष्ट्रिय वाणिज्य वैक लि. क्षेत्रीय कार्यालय विरगंजका क्षेत्रीय प्रवन्धक श्री नर्वदेश्वर पाठक, महालेखा नियन्त्रक कार्यलयका उपमहालेखा नियन्त्रक श्री सुकदेव वास्कोटा, कोष तथा लेखा नियन्त्रक कार्यालय मकवानपुर हेटौडाका प्रमुख कोष नियन्त्रक श्री दामोदर सुवेदी, नेपाल राष्ट्र वैक वैकिङ्ग कार्यालय काठमाडौका श्री भुपेन्द्र कुमार श्रेष्ठ लगायत राष्ट्रिय वाणिज्य वैक लि. केन्द्रीय कार्यालय वित्त विभागका लेखा अधिकृत श्री उत्तम ढुंगाना, सुचना तथा प्रविधि विभागका स.ले.अ. श्री अर्जुन प्र. दाहाल, तालिम तथा विकास विभागका ले.अ. श्री मणी प्र. ढुंगाना, राष्ट्रिय वाणिज्य वैक लि. शाखा कार्यालय हेटौडाका प्रवन्धक श्री दिनेश प्र. गौतमको समेत उपस्थिति रहेको थियो।

शुभारम्भ लगत्तै शुरु भएको तालिम कार्यक्रममा विभागीय प्रमुख श्री सुरेन्द्र कुमार वजिमयोले सरकारी कारोवारमा राष्ट्रिय वाणिज्य वैकको भूमिका, म.ले.नि.का.का उपमहालेखा नियन्त्रक श्री सुकदेव वास्कोटावाट एकल खाता कोष प्रणाली (TSA) वारे जानकारी र म.ले.नि.को भूमिका, प्रमुख कोष नियन्त्रक श्री दामोदर सुवेदीवाट सरकारी कारोवारमा कोष तथा लेखा नियन्त्रक कार्यालयको भूमिका, सुचना तथा प्रविधी विभागका श्री अर्जुन प्र. दाहालले पुमरी III मा एकल खाता कोष प्रणाली र सरकारी कारोवारमा पुमोरी कार्यक्रमवाट विवरण, नेपाल राष्ट्र वैकका सहायक निर्देशक श्री भुपेन्द्र कुमार श्रेष्ठवाट सरकारी कारोवारको लेखा व्यवस्थापन, राष्ट्रिय वाणिज्य वैक लि. के.का. वित्त विभागका स.पाँचौ राजन सिग्देलवाट सरकारी कारोवारमा शाखा कार्यालयले गर्ने प्रतिवेदनको शुद्धता, सरकारी कारोवार संचालन र हिसाव मिलान प्रकृयामा रहेका समस्या तथा समाधान, ले.अ. श्री उत्तम ढुंगाना र स.पांचौ श्री राजन सिग्देल, सुचना तथा प्रविधि विभागका विभागीय प्रमुख श्री रमिता सुवालले सरकारी कारोवारमा सुचना तथा प्रविधी विभागको भुमिका विषयमा प्रशिक्षण, छलफल र अन्तरक्रिया चलाउनु भएको थियो।

तालिम कार्यक्रमको समापनको अध्यक्षता गर्नुभएका राष्ट्रिय वाणिज्य वैक लि. क्षेत्रीय कार्यालय विरगंजका क्षेत्रीय प्रवन्धक श्री नर्वदेश्वर पाठकले कार्यक्रमको समापन मन्तव्यमा राष्ट्रिय वाणिज्य वैक लि. अव कुनै पनि वैक भन्दा कमजोर अवस्थामा नरही १ नम्बरको वैक भएकोले यसको साख जोगाई राख्न सवै कर्मचारी एक जुट भएर लागि रहनुपर्ने र त्यसैमा सवै कर्मचारी र बैंकको भलो हुनुका साथै देश पनि लाभान्वित हुने धारणा व्यक्त गर्नुभयो।

*बाँकी अन्तिम पृष्ठमा*

### मननीय उक्ति

"जीवनरुपी यो संघर्षमा निराशा तथा पराजयको होईन सदा सर्वदा आशा, विश्वास तथा सफलताको भावना मनमा ल्याउ । यस पटक त म अवश्य सफल हुनेछु तथा भविष्यमा मेरो सफलता शतप्रतिशत निश्चित छ, यही प्रबल भावना सदा मनमा भर्ने गर। अवनतिको विचार विर्सेर पनि मनमा आउन नदेउ । लडखडाएर तल खस्ने होइन, किन्तु जीवनलाई उत्तरोत्तर माथि उकास्ने पुष्ट विचार तथा सतकार्यलाई अपनाउ । सदा के स्मरण राख्नु पर्छ भने निराशा तथा अकर्मण्यता एक प्रकारको नास्तिकता हो । यो संसाररुपी सागरबाट केवल उद्योगीहरूले मात्र पार पाउँछन् । निरुद्योगी र पुरुषार्थहीनहरूले कहिल्यै पार पाउन सक्तैनन् ।"

– खप्तड स्वामी

# प्रगती समीक्षा गोष्ठी तथा पुरस्कार बितरण कार्यक्रम




**मंसीर २९ नेपालगन्ज**/रा.वा.बैंक तालीम तथा बिकास बिभागद्वारा नेपालगंजमा आयोजित एक दिने लक्ष्य प्रगती समिक्षा गोष्ठी तथा पुरस्कार बितरण कार्यक्रम प्रमुख कार्यकारी अधिकृत श्री कृष्ण प्रसाद शर्मा, नायब महाप्रबन्धक श्री गोपाल चन्द्र शर्मा, बिभागिय प्रमुखहरू श्री भुपेन्द्र पाण्डे, श्री केशव लम्साल, श्री बिष्णु पौडेल, क्षेत्रीय प्रवन्धक श्री बीर बहादुर चन्द, उप प्रमुख श्री प्रेम बहादुर चन्द, शाखा प्रमुखहरू, पुरस्कृत हुने कर्मचारीहरू, के.का. तथा क्षेत्रीय कार्यालयका अन्य कर्मचारीहरूको उपस्थितिमा सम्पन्न भयो । अतिथिहरूको आसनग्रहणबाट शुरु भएको उक्त कार्यक्रममा क्षेत्रीय प्रमुख श्री बीर बहादुर चन्दले स्वागत मन्तब्यका साथै आ.व.२०६९।०७० को प्रगती प्रतिवेदन पेश गर्नु भएको थियो । आ.व २०६८।०६९ को तुलनामा कुल कर्जा मा ६०.२५ प्रतिशतको बृद्धि कूल निक्षेपमा ०.८२ प्रतिशतको बृद्धि कूल संचालन आम्दानी १३.६८ प्रतिशतको बृद्धि कर्जा निक्षेप अनुपात २६.८३ बाट ४०.०६ प्रतिशत पुग्नु निश्क्रिय कर्जा १०.२२ बाट ५.७२ मा झर्नु र २८.६४ करोड मुनाफा आर्जन गर्न सक्नु जस्ता उत्साहजनक प्रतिवेदनका आधारमा बैंकको यस क्षेत्रमा गत आ.व. को अवस्था राम्रो रहेको प्रतिक्रिया प्राप्त भएको थियो । त्यस पश्चात प्रमुख कार्यकारी अधिकृत श्री कृष्ण प्रसाद शर्माले निर्देशन मन्तब्य दिनु भएको थियो । यस क्षेत्रमा निक्षेपको अवस्था सन्तोषजनक रहेको, कर्जा निक्षेप अनुपात अन्य क्षेत्रको भन्दा कम रहेकोले आगामी दिनहरूमा कृषि तथा गैहृ कृषि क्षेत्रमा कर्जा बढाउन, शाखा कार्यालयहरूको भौतिक सुधार गर्न तथा छिटो छरितो सेवा बिस्तारमा जोड दिन निर्देशन दिनु भएको थियो । यसका साथै आगामी दिनहरूमा बैंकमा रहेका कमिकमजोरीहरू हटाउदै र बलियो पक्षका रुपमा रहेका सबै श्रोत साधनहरूको अधिकतम प्रयोग गरी असल क्षेत्रमा बैंकको लगानी बढाउन पहल गर्नू पर्ने वताउनु भयो । सुचना प्रविधिको अधिकतम उपयोगमा जोड दिई संचालन खर्च कम गर्नेतिर लाग्न सबैलाई आग्रह गर्नुभयो । यसका साथै यसै आर्थिक बर्षभित्र ए.टी.एम. मेसिनको संख्या १०० पुऱ्याउने, आवश्यक भएमा अहिले संचालनमा भएको सफ्टवयर परीवर्तनको बारेमा पनि बैंकले सोचेको साथै अहिलेको प्रतिस्पर्धी बजारमा बैंकको व्यापार बिस्तार मुख्य चुनौती रहेको वताउनुभयो । कार्यक्रममा उपस्थित प्रत्येक शाखा प्रबन्धकहरूसंग शाखाको हालको अवस्था, समस्याहरू तथा कसरी अझै राम्रोसंग सेवा प्रदान गर्न सकिन्छ भन्ने बारेमा पालैपालो छलफल भएको थियो । प्रायः शाखाहरूमा कर्मचारी समस्या भएको जानकारी प्राप्त भएको थियो र शाखाहरूका समस्या समाधानका लागि शाखा कार्यालय, क्षेत्रीय कार्यालय तथा के.का. को सम्बन्धित बिभागहरू निरन्तर सम्पर्कमा रहनुपर्नेमा जोड दिईएको थियो । ट्रेजरी बिभाग प्रमुख श्री भुपेन्द्र पाण्डेबाट यस क्षेत्रको बिभिन्न किसिमको निक्षेपको अवस्था अत्यन्तै राम्रो रहेको पुनस्मरण गराउदै हालको ट्रेजरी बिभागको अवस्थाको बारेमा प्रस्तुती दिनुभएको थियो । उहाँले हाल बैंकहरूमा अत्याधिक तरलता रहेको र ट्रेजरी बिभागबाट भएको लगानीको प्रतिफल अति न्युन भएकोले असल कर्जा बिस्तारमा जोड दिई कर्जा निक्षेप अनुपात बढाउनपर्ने आवश्यकता औंल्याउनुभएको थियो। साना तथा मझौला कर्जा बिभाग प्रमुख श्री केशव लम्सालले यस क्षेत्रको कर्जा निक्षेप अनूपात बढाउनको लागि शाखा कार्यालयहरूले कुन कुन कर्जाका क्षेत्रहरूमा कति कति लगानी गर्न सकिने हो त्यसको योजना बनाउनुपर्ने र निर्धारित लक्ष्य हासिल गर्नूपर्नेमा जोड दिनुभएको थियो। उहाँबाट बढ्दो प्रतिस्पर्धाको सामना गर्न राम्रा ग्राहकहरूलाई व्याजदरमा सहुलियत दिन सकिने जानकारी प्राप्त हुनुका साथै पौष १ गतेबाट लागू हुनेगरी हाईपोथिकेशन र ओभरड्राफ्ट कर्जाको व्याजदर पुनरावलोकन भईरहेको अवगत गराउनु भयो। कृषि तथा सामाजिक बैंकिङ्ग बिभाग प्रमुख श्री बिष्णु पौडेलबाट कृषि तथा उर्जा क्षेत्रमा बैंकले निश्चित मात्रामा लगानी गर्नैपर्ने केन्द्रीय बैंकको बाध्यकारी ब्यवस्था अनुसार उचित ग्राहकहरू पहिचान गरी कृषिमा लगानी बढाउन सबै शाखा प्रवन्धकहरू लाई निर्देशन दिनुभयो । बित्त बिभागका हिसाब मिलान कार्यदलको तर्फबाट श्री बिमल डंगोलले कार्यदलले गरिरहेका कामकाजहरू बारेमा जानकारी गराउनुका साथै हिसाब मिलान नभएका शाखाहरूले बार्षिक हिसाब मिलानको पनि लक्ष्य प्रगती प्रस्तुत गनुपर्नेमा जोड दिनुभएको थियो।

राम्रो कार्य गरेबापत पुरस्कृत हुने शाखाहरू (शा.का. बिजुवार-प्रथम, शा.का. तुल्सीपुर र शा.का. सुर्खेत -द्धितिय र शा.का. कोहलपूर -तृतीय) र कर्मचारीहरू (स.पाचौं प्रभु राज जोशी-शा.का. बझाङ्ग, स.पाचौं राज कुमार कहार-शा.का. नेपालगंज, स.पाचौं हस्त ब.शाही- शा.का. दैलेख, र स.पाचौं जगत सिं खत्री -शा.का. धनगढि) लाई अबिर र खादा लगाई नगद पुरष्कार तथा कदरपत्र प्रदान गरिएको थियो। पुरस्कार प्राप्त गर्ने शाखा र उपस्थित शाखा प्रबन्धकहरूको तर्फबाट बोल्ने क्रममा कार्य क्षमता मूल्यांकन तथा पुरस्कार बितरणले सबैको हौसला बढाएको, प्रमुख कार्यकारी अधिकृत, महाप्रबन्धक एवं बिभागीय प्रमुखहरूले दिएको निर्देशन अनुसार समग्र बैंकको हितमा परीणाममुखि काम गरेमा मात्र यस्ता कार्यक्रमले सफलता प्राप्त गर्ने कुरामा जोड दिईएको थियो। नायब महाप्रबन्धक श्री गोपाल चन्द्र शर्मा ले यस क्षेत्रमा ज्ञान सीप आदानप्रदान र मानव श्रोत साधनको अति राम्रो समिश्रण भएको, यस क्षेत्रमा कर्जा बिस्तार गर्न सकिने अवस्था रहेको, ठूला व्यापारीहरू सूचनाको श्रोत हुने भएकोले त्यस्ता व्यापारीहरूलाई भित्राउन कोशिस गर्नुपर्ने कुरामा जोड दिनुभयो । उहाले यस क्षेत्रको मूख्य बजारहरूमा कर्जा बिस्तारको सम्भाव्यता र कर्जा बिस्तार दरको बारेमा अध्ययन गर्न पनि आग्रह गर्नुभयो। यस क्षेत्रमा कृषिमा लगानीको ठूलो सम्भाव्यता भएकोले त्यसतर्फ पनि सबैको ध्यानाकर्षण गराउनुभयो।

समापन मन्तब्यको क्रममा प्रमुख कार्यकारी अधिकृतज्यूले ब्यक्तिगत कार्यमूल्यांकनका आधारमा सुबिधा प्रदान गर्ने प्रणालीको बिकास गर्ने, शाखा कार्यालयहरूमा कर्मचारीको कमी हुन नदिने कुरामा जोड दिनुभयो। बैंक अहिले परिवर्तनको संघारमा रहेकोले प्रतिस्पर्धी सेवा प्रदान गर्न फराकिलो सोच राखेर काम गर्न र बैंकले प्रदान गर्ने सेवाको बारेमा संचारका माध्यमहरूको अधिकतम प्रयोग गर्नको लागि आग्रह गर्नुभयो। अन्त्यमा क्षेत्रीय प्रबन्धकले धन्यवाद सहित समापन मन्तव्य दिनुभयो।

*(क्षे.का.नेपालगन्जका उपप्रमुख प्रेम चन्द र सहायक कृषि अधिकृत जगन्नाथ अधिकारी र माधव खनालबाट प्राप्त रिपोर्टको आधारमा)*

## ब्रान्च प्रोफाईल

### आ.व. ०६८/०६९ मा  पोखरा क्षेत्रमा उत्कृष्ट स्थान हासिल गर्न सफल शाखा



शाखा कार्यालय :  महेन्द्रपुल ,पोखरा
निक्षेप  : ७० करोड
कर्जा  : ६२ करोड
भाखा नाघेको कर्जा/कुल कर्जा अनुपात : ०.४५ प्रतिशत
गत आ.व.को खुद मुनाफा: ३ करोड ८६ लाख
कर्मचारी संख्या :  १४
सफलताका रहस्य : मिलनसार र कर्तव्यनिष्ठ कार्य समूह,  सामुहिक प्रयत्न
प्रवन्धकको नाम : प्रमोद अधिकारी (उत्कृष्ट हुंदाको वखत) हेमराज मरहट्ठा (हाल)
कर्मचारी संख्या : १७
सफलताका रहस्य (बुदामा) : असल नेतृत्व र दृढ इच्छाशक्ति, न्यून कर्मचारी संख्या बढि उत्पादकत्व, मिलनसार कार्य समूह, नयाँ सोच र नयाँ बिचार  ।

## मानव संशाधन स्तम्भ

## सरुवा

### मिति २०७०।४।७ देखि २०७०।९।२३ सम्मको सरुवा बिबरण :

| पद | कर्मचारीको नाम थर | क.नं. | साविक कार्यालय | हालको कार्यालय |
|---|---|---|---|---|
| सहायक चौथो | श्री तोया नाथ रेग्मी | ११४९२ | क्षे.का. विरगंज | शा.का. ठमेल |
| नायव मुख्य अधिकृत | श्री कृष्ण प्रसाद ओझा | ९८६८ | अवकाश कोष | मा.सं.विभाग |
| सह लेखा अधिकृत | श्री ऋषि केश पराजुली | ११५७८ | शा.का.उर्लावारी | शा.का.दमक |
| सहायक पांचौ | श्री मिलन वावु नेपाल | ११४४९ | शा.का.भोजपुर | शा.का.दिंगला |
| सहायक चौथो | श्री रमेश ओझा | ८९९९ | शा.का.वरगाछी | शा.का.दिंगला |
| सहायक पांचौ | श्री राज कुमार श्रेष्ठ | ६०७७ | शा.का.सुर्खेत | शा.का.नारायणपुर |
| सहायक पांचौ | श्री प्रदिप कुमार अधिकारी | ७८९९ | शा.का.महाराजगंज | के.का.सामान्य सेवा बिभाग |
| सहायक पांचौ | श्री सरद कुमार घिमिरे | ९३२२ | शा.का.टेकु | के.का. वित्त बिभाग |
| सहायक तेश्रो | श्री राम भक्त थापा | १०२०९ | शा.का.बालाजु | शा.का.वानेश्वर |
| सहायक पांचौ | श्री हिरा काजी डंगोल | १०२९५ | शा.का.पुल्चोक | अवकाश कोष |
| कानुन अधिकृत | श्री ऋषि भुषण चौधरी | ११७०० | क्षे.का.काठमाण्डौं | आ.ले.प.बिभाग |
| सहायक पांचौ | श्री लक्ष्मी ऐ.डी | ५३५७ | कानुन बिभाग | व्य.सु.प्र.तथा व.बिभाग |
| सहायक चौथो | श्री बिष्णु प्रसाद आचार्य | १०३११ | शा.का.भरतपुर | शा.का.आरुघाट |
| लेखा अधिकृत | श्री मुकुन्द खड्का | १०३१३ | मुख्य शा.का. | धनुषा महेन्द्रनगर |
| लेखा अधिकृत | श्री पवन प्रसाद सापकोटा | ११२१८ | पिडारीचोक | मंन्थली |
| लेखा अधिकृत | श्री दिपक राज न्यौपाने | १११७१ | लालवन्दी | पिडारीचोक |
| लेखा अधिकृत | श्री भोला नाथ पौडेल | १११९५ | मा.सं.वि. | क.अ. तथा पुन सं.बिभाग |
| लेखा अधिकृत | श्री मिरा देवी भारी सुर्यवंशी | ८२१३ | वानेश्वर | मा.सं.वि. |
| लेखा अधिकृत | श्री पुष्पा वराल | ८२४९ | देवकोटाचोक | क्षे.का.विराटनगर |
| कानुन अधिकृत | श्री इन्दीरा कार्की थापा | ११३७४ | सं.त.सा.म.क.बिभाग | कानुन बिभाग |
| सह लेखा अधिकृत | श्री महेन्द्र तिमिल्सीना | १०३७२ | मंगलसेन | सिमिकोट |
| सह लेखा अधिकृत | श्री चेत नाथ सुवेदी | ८७४१ | क्षे.का.विराटनगर | जितपुर |
| सह लेखा अधिकृत | श्री अमर प्रधान | ९९३७ | जितपुर | क्षे.का.विराटनगर |
| सह लेखा अधिकृत | श्री कृष्ण कुमार नेपाल | ९९३० | क्षे.का.विराटनगर | वित्त बिभाग |
| सह लेखा अधिकृत | श्री लक्ष्मी प्रसाद गौतम | ९२११ | गुलरिया | क्षे.का.नेपालगंज |
| सह लेखा अधिकृत | श्री बिष्णु नारायण चौधरी | ८७३३ | गौर | कलैया |
| सह लेखा अधिकृत | श्री लक्ष्मण महतो | ८७७२ | क्षे.का.विरगंज | गौर |
| का.मु.स.ले.अ. | श्री दुर्गा प्रसाद गौतम | ६४४९ | मान्म | सुर्खेत |
| का.मु ले.अ. | श्री दिलिप कुमार थापा | ९६६६ | कलैया | वित्त बिभाग |
| सहायक पांचौ | श्री उदय वस्नेत | ९७७७ | लमही | तुल्सीपुर |
| सहायक पांचौ | श्री कृष्ण प्रसाद श्रेष्ठ | ९४३३ | धनगढी | मंगलसेन |
| सहायक पांचौ | श्री शिव हरि घिमिरे | ९१२६ | विराटनगर | मु.शा.का. |
| सहायक पांचौ | श्री बिनोद कुमार श्रेष्ठ | ९७१२ | मा.सं.वि. | त्रि.अ.वि |
| सहायक पांचौ | श्री मंन्जु शर्मा | ७६०६ | वानेश्वर | सं.व्य. बिभाग |
| सहायक पांचौ | श्री रामलखन साह | ९२०२ | कटारी | मिर्चैया |
| सहायक पांचौ | श्री डम्वर वहादुर राई | १०५४८ | इनरुवा | वरगाछी |
| सहायक पांचौ | श्री देवान थापा क्षेत्री | १०६८९ | क्षे.का.नेपालगंज | मान्म |
| का.मु.सहायक पांचौ | श्री चुडामणि गुप्ता | १०६१७ | मिर्चैया | वित्त बिभाग |
| सहायक चौथो | श्री जय प्रकाश साह | ८९३२ | सिराहा | मिर्चैया |
| सहायक चौथो | श्री सरस्वती देवी झा | १०४४४ | पिडारीचोक | क्षे.का.काठमाण्डौं |
| सहायक चौथो | श्री उमाकान्त पण्डित | ६८७९ | मा.सं.विभाग | ट्रेजरी बिभाग |
| सहायक चौथो | श्री फर्सु प्रसाद गौतम | ७८३२ | प्र.का.अ.का. | सं. तथा सा.म.क.बिभाग |
| सहायक चौथो | श्री मिन वहादुर रायमाझी | ९७४२ | भद्रपुर | बिर्तामोड |
| सहायक चौथो | श्री दिल वहादुर कार्की | ८९५७ | लालवन्दी | मैतिदेवी |

## तालीम

## कर्जा मूल्यांकन सम्वन्धी तालीम सम्पन्न

**पौष १४ हेटौंडा**/राष्ट्रिय वाणिज्य बैंक तालीम तथा विकास विभागको आयोजनामा प्रवन्धक ,सहायक प्रवन्धक तथा कर्जा  अधिकृतहरूको सहभागितामा कर्जा मूल्यांकन सम्वन्धी तालीम कार्यक्रम सम्पन्न भयो ।

सो कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्मा र सहभागीहरूबीच कर्जा व्यवस्थापनको प्रभावकारिता अभिबृध्दिसम्वन्धमा वृहत अन्तरक्रिया हुनुका साथै प्रमुख कार्यकारी अधिकृत शर्माले निर्देशन मन्तव्य दिनुभएको थियो । ५ दिनसम्म संचालित उक्त तालीम कार्यक्रममा २७ अधिकृत कर्मचारीको सहभागिता थियो । तालीम तथा विकास विभागका उपप्रमुख मित्रलाल पंज्ञानीको संयोजकत्वमा सम्पन्न उक्त तालीम कार्यक्रमको समापन समारोहमा क्षेत्रीय प्रवन्धक नर्वदेश्वर पाठकले सभापतित्व गर्नुभएको थियो भने कार्यक्रम संचालन तालीम तथा विकास विभागका लेखा अधिकृत राजेन्द्र महर्जनले गर्नुभएको थियो ।

## COBIT 5 विषयक तालीम कार्यक्रम सम्पन्न

**मार्ग २५ काठमाडौं**/राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालय तालीम तथा विकास विभागद्वारा आयोजित COBIT 5( Control objective for information and related technologies -5th version) विषयक त्रिदिवशीय तालीम कार्यक्रम हालै सम्पन्न भयो । समग्रतामा व्यवसायिक प्रतिष्ठानको व्यवस्थापन ,शासन र सूचना प्रविधिको सन्तुलित प्रयोगबाट सबै सरोकारवालाको आवश्यकता पूरा गर्ने उध्देश्यले तयार पारिएको ,विश्वभर प्रचलनमा रहेको र नेरावैको सूचना प्रविधिसम्बन्धी मार्गनिर्देशनमा हरेक क र ख श्रेणीका संस्थालाई कार्यान्वयनमा अनिवार्यता कायम



गरिएको COBIT 5 विषयक व्यवसायिक ढांचाबारे बैंकका उच्च तथा मध्यमस्तरीय जनशक्तिलाई जानकारी गराउने उध्देश्यले आयोजित तालीम कार्यक्रममा विभिन्न विभाग तथा कार्यालयका ४० अधिकृतहरूको सहभागिता थियो ।  उक्त तालीमको समापन समारोहमा बैंकका नायव महाप्रवन्धक भेषराज पन्थीले सहभागीहरूलाई प्रमाणपत्र प्रदान गर्नुभएको थियो । सो अवसरमा नायव महाप्रवन्धक पन्थीले उक्त तालीम सहभागीहरूलाई Technology,Governance र Management बारे उपयोगी जानकारी दिन सक्षम रहेको विश्वास प्रकट गर्दै सहभागीहरूद्वारा तालीमबाट प्राप्त ज्ञान व्यवहारमा उतारिने अपेक्षा प्रकट गर्नु भयो ।  उक्त समारोहमा तालीम तथा विकास विभागका उपप्रमुख मित्रलाल पंज्ञानी, नायव मुख्य अधिकृत शिवराम पौडेल र सहभागीका तर्फबाट कम्प्युटर अधिकृत वुद्धि प्रसाद अधिकारीले मन्तव्य दिनुभएको थियो । सो समारोहमा LABA बाट आउनुभएका श्रोत व्यक्तिहरू COBIT, PMP, PRINCE 2 का ITIL Expert अल्केश मिश्र, अजय मुल्मी र रुपक पौडेलको समुपस्थिति थियो ।

## इ विडिङ्ग सम्वन्धी तालीम सम्पन्न

**पुस ८ काठमाडौं**/राष्ट्रिय वाणिज्य बैंक तालीम तथा विकास विभागको आयोजनामा ४ दिवशीय इ विडिङ्ग सम्वन्धी तालीम कार्यक्रम सम्पन्न भयो । उक्त तालीम कार्यक्रममा विभागीय उपप्रमुखहरू ,वरिष्ठ अधिकृतहरू तथा कर्मचारीहरू समेत १६ जनाको सहभागिता थियो ।

## विविध तालीम

यूनाईटेड नेशन सेन्टर फर डेभ्लपमेन्ट फाईनान्स (यू.एन.सि.डि.एफ) को आयोजनामा मंसीर २३ देखि २५ गतेसम्म संचालित ब्रान्चलेस बैकिंग र मोवाइल बैकिंग सम्वन्धी तालीम कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालय कार्ड पेमेन्ट तथा सेटलमेन्ट विभागका प्रमुख कपिलमणि ज्ञवाली र सूचना प्रविधि विभागका आई.टि.अफिसर गगन सिंह घिमिरेले सफलतापूर्वक भाग लिनुभयो ।

यसैगरि नेपाल सरकार प्रधानमन्त्रीको कार्यालय सार्वजनिक खरिद अनुगमनको कार्यालय ताहाचल काठमाडौंद्वारा मंसीर २५ देखि मंसीर २७ सम्म संचालित सार्वजनिक खरिद सम्बन्धी क्षमता अभिबृध्दि आधारभूत तालीम कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालय सामान्य सेवा विभागका सिभिल इन्जिनियर भवेश प्रधानाङ्ग र सम्पत्ति व्यवस्थापन विभागका सहायक प्राविधिक अधिकृत कविन्द्र श्रेष्ठले सफलतापूर्वक भाग लिनुभयो ।

## रावाबैंक र क.सं. कोषबीच सम्झौता

रावावैंक र कर्मचारी संचय कोषवीच कर्मचारी संचय कोषका संचयकर्तालाई स्थानीय स्तरमै सापटी तथा भुक्तानी लगायतका सेवा प्रदान गर्ने सम्झौता भएको छ। यसैगरि रावावैंकको कुनै पनि शाखा सेवा (एविविएस) माध्यमबाट तत्काल सन्चयकर्ताको कोष रकमान्तर गर्न सकिने सम्झौतामा उल्लेख छ। उक्त संझौतामा रावावैंकका प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्मा र कर्मचारी संचय कोष ललितपुरका तर्फबाट प्रशासक कृष्ण प्रसाद आचार्यले हस्ताक्षर गर्नुभएको थियो ।

# नेपाल वित्तीय संस्था कर्मचारी संघ रावावैंकको ८ औं केन्द्रीय महाधिवेशन सम्पन्न




**मार्ग १६ हेटौंडा**/नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंकको ८ औं केन्द्रीय महाधिवेशन हालै सम्पन्न भयो । सो महाधिवेशनको प्रमुख अतिथि पूर्व अर्थमन्त्री तथा नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा. रामशरण महतले पानसमा वत्ति वाली समुद्घाटन गर्नुभएको थियो । सो अवसरमा प्रमुख अतिथि डा. रामशरण महतले नेपाली कांग्रेसको सरकारले वित्तीय क्षेत्र सुधारको प्रकृया आरम्भ गरेको फलस्वरुप कुनै बैला अत्यन्त जटिल अवस्थामा रहेको राष्ट्रिय वाणिज्य बैंक हाल अत्यन्त राम्रो अवस्थामा आएको बताउँदै कार्यदक्षता र उत्पादकत्व अभिवृद्धिमा महत्वपूर्ण योगदान दिने कानुनअनुसारको वोनस कर्मचारीलाई दिलाउन आफू प्रयत्नशील रहने प्रतिवध्दता प्रकट गर्नुभयो ।

सो अवसरमा विशेषः अतिथि **राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले रावावैंकमा १० वर्षको अथक मेहनतको फलस्वरुप हरेक क्षेत्रमा सकारात्मक विकास भएको, बैंकको भाखा नाधेको कर्जा विगतको ६२ प्रतिशतबाट साढे ५ प्रतिशतमा झरेको, पुँजी ८ अर्ब ५८ करोड पुरयाईएको, १४८ वटै शाखा कम्प्युटरीकृत गरिएको, असार मसान्तसम्म एटिएम १०० बटा पुरयाईने, हाल २३ प्रतिशत कारोवार इलेक्ट्रोनिक भएको, बजारमा प्रविधि प्रयोगमा रावावैंक अग्रस्थानमा रहेको, कर्मचारी संख्या ६५०० बाट २५०० मा झार्दा पनि कार्यदक्षता बृद्धिको फलस्वरुप सेवा प्रवाहमा चुस्तता रहेको, सबैभन्दा बढी निक्षेप र तरलता रहेको बताउँदै व्यवसायिकता र सुशासनको विकास गरी रावावैंकलाई अग्रगति दिन ट्रेड यूनियन र व्यवस्थापनले कर्मचारी र ग्राहकहीत विच सन्तुलित समन्वयको विन्दु पहिल्याई सहकार्य गर्नुपर्ने बताउनुभयो ।** सो अवसरमा प्र.का.अ. श्री शर्माले देशमा परिवर्तित राजनैतिक विकासप्रति आर्थिक र वित्तिय क्षेत्र आशावादी रहेको बताउँदै यस क्षेत्रले हाल विद्यमान उपभोगमुखी अर्थतन्त्रभन्दा उत्पादनमुखी अर्थतन्त्र विकासमा सघाउने सरकारी नीतिको अपेक्षा गरेको बताउनुभयो ।

आयोजक संघको केन्द्रीय समितिका अध्यक्ष उद्धव प्रसाद गौतमको सभापतित्वमा सम्पन्न समुद्घाटन समारोहमा तत्कालिन प्रथम कार्यकालका अध्यक्ष जितेन्द्रसिंह थापाले स्वागत मन्तव्य दिनुभएको थियो । उक्त समारोहमा नेपाली कांग्रेस केन्द्रीय समिति बैंक तथा वित्तीय संस्था विभागका राजन प्रसाद पन्त, श्रमिक विभागका बद्रि पाण्डे, ने.ट्रे.यु.का.का केन्द्रीय अध्यक्ष खिलानाथ दहाल, महिला उपाध्यक्ष रमा पौडेल, राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपाल केन्द्रीय समितिका अध्यक्ष नारायण प्रसाद सुवेदी, नेपाल राष्ट्रिय कर्मचारी संगठन रावावैंक केन्द्रीय समितिका अध्यक्ष चन्द्रराज अधिकारी, राष्ट्रिय कर्मचारी संगठन नेपाल केन्द्रीय समितिका अध्यक्ष राजेन्द्र कुमार कार्की, यू.एन.आई.नेपालका संयोजक लेखप्रसाद बुर्लाकोटी, आयोजक संघ सल्लाहकार समितिका संयोजक शिवराम पौडेल, नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय समितिका अध्यक्ष गणेश व. के.सि.मकवानपुरका नवनिर्वाचित सांसद इन्द्र बहादुर वानिया, नेपाली कांग्रेस मकवानपुरका रघुरमण न्यौपाने लगायतका वक्ताहरूले शुभकामना मन्तव्य दिनुभएको थियो ।

यसैवीच उक्त महाधिवेशनले जितेन्द्रसिंह थापा (अध्यक्ष) दिनेश विक्रम थापा (वरिष्ठ उपाध्यक्ष) उषा श्रेष्ठ, श्रवण कुमार मण्डल र कुल बहादुर खत्री (उपाध्यक्ष) माधव दत्त पन्त (महासचिव) तथा निर्वाचित अन्य पदहरू एवं पदेन आई.पि.पि. १ तथा क्षेत्रीय अध्यक्षहरू १० सहित ४४ सदस्यीय केन्द्रीय समिति गठन गरेको छ ।

यसै वीच पुस ११ गते केन्द्रीय कार्यालय परिसरमा नव निर्वाचित पदाधिकारीहरूको परिचयात्मक कार्यक्रम सम्पन्न भएको छ । सो अवसरमा प्रमुख अतिथि राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले रावावैंकभित्र ट्रेड यूनियनहरूले निभाएको रचनात्मक भूमिकाको प्रशंसा गर्दै परिवर्तित परिवेशमा सामाजिक स्वीकृति अभिवृध्दि गर्न ट्रेड यूनियनहरूले सुशासन र इमान्दारिताको खोजी गर्नु जरुरी भएको वताउनुभयो । आयोजक संघका नवनिर्वाचित अध्यक्ष जितेन्द्र सिंह थापाको सभापतित्वमा महासचिव माधव दत्त पन्तको संचालनमा सम्पन्न उक्त समारोहमा निवर्तमान अध्यक्ष उध्दव प्रसाद गौतम वरिष्ट उपाध्यक्ष दिनेश विक्रम थापा यू.एन. आई. नेपालका




अध्यक्ष लेख प्रसाद बुर्लाकोटी, राष्ट्रिय कर्मचारी संगठन नेपाल रावावैक केन्द्रीय समितिका अध्यक्ष राजेन्द्र कार्की, नेपाल राष्ट्रिय कर्मचारी संगठन रावावैंक केन्द्रीय समितिका अध्यक्ष चन्द्रराज अधिकारी, रावावैक कर्मचारी संघ नेपालका महासचिव वेद बहादुर लावती लगायतका वक्ताले शुभकामना मन्तव्य दिनुभएको थियो । उक्त समारोहमा रावावैंकका नायव महाप्रवन्धक गोपाल चन्द्र शर्मा, नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय समितिका उपाध्यक्ष वासुदेव खत्री लगायत उल्लेख्य संख्यामा बैंकका वरिष्ट अधिकृत तथा कर्मचारीहरूको समुपस्थिति थियो ।

# नेपाल राष्ट्रिय कर्मचारी संगठन रावावैंकको वार्षिकोत्सव कार्यक्रम



**पुस २१ काठमाडौं**/नेपाल राष्ट्रिय कर्मचारी संगठन रावावैंकको ८ औं वार्षिकोत्सव रावावैंक केन्द्रीय कार्यालय परिसरमा विशेषः समारोहको आयोजना गरि मनाईयो । संगठनका केन्द्रीय अध्यक्ष चन्द्रराज अधिकारीको सभापतित्वमा एकिकृत ने.क.पा. एमाओवादीका केन्द्रीय सदस्य तथा जनवर्गिय संगठन व्यूरोका प्रमुख जनार्दन शर्मा प्रभाकरको प्रमुख आतिथ्यमा सम्पन्न उक्त समारोहमा विभिन्न वक्ताले शुभकामना मन्तव्य दिनुभएको थियो । सो अवसरमा प्रमुख अतिथि प्रभाकरले कर्मचारी वर्गको मुख्य प्राथमिकता संस्थाको सम्वर्ध्दन हुनुपर्ने वताउँदै रावावैंक जनताको सम्पत्ति भएकोले ट्रेड यूनियनले जनताको समस्या उठाउनु पर्ने वताउनुभयो । बैंकहरूले उपभोगमुखीभन्दा उत्पादनमुखी कर्जा विस्तारमा जोड दिनुपर्ने, ग्रामीण क्षेत्रमा सेवा विस्तार हुनुपर्ने वताउँदै प्रमुख अतिथि प्रभाकरले रावावैंकमा रहेका ४ वटा यूनियनले एक संयन्त्र बनाई अघि बढ्नु उपयुक्त हुने धारणा राख्नुभयो । सो अवसरमा विशिष्ट अतिथि रावावैंकका प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्माले रावावैंकका प्रमुख समस्या वित्तीय र कर्मचारीसम्बन्धी रहेको वताउँदै दुबै समस्या समाधानमा व्यवस्थापन र यूनियनले सहकार्य गर्नुपर्ने, ४ वटै युनियनहरू मिली यौटै कार्यसूचि ल्याएमा व्यवस्थापन र यूनियन दुबैलाई समस्या समाधानमा सहजता हुने वताउनुभयो ।

सो अवसरमा नेपाल राष्ट्रिय कर्मचारी महासंघका अध्यक्ष मोहन मान स्वांर, नेराकसं बैंक तथा वित्तीय संस्था राष्ट्रिय समितिका अध्यक्ष प्रेम प्रसाद



खनाल, राष्ट्रिय कर्मचारी संगठन नेपालका केन्द्रीय अध्यक्ष राजेन्द्र कुमार कार्की,नेपाल वित्तीय संस्था कर्मचारी संघ रावावैंकका केन्द्रीय अध्यक्ष जितेन्द्र सिंह थापा, राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालका महासचिव वेद बहादुर लावती लगायतका वक्ताले शुभकामना मन्तव्य दिनुभएको थियो । उक्त समारोहमा रावावैंक संचालक समितिका सदस्य ज्ञानेन्द्रराज कोइराला, नामप्रद्वय भेषराज पन्थी र गिरिजानन्द पनेरु, नेराकसं महासंघका वरिष्ठ उपाध्यक्ष अर्जुन कार्की लगायतका महानुभावको समुपस्थिति थियो ।

यसै सिलसिलामा संगठनद्वारा पुस २० गते संगठनसम्वद्ध पदाधिकारीहरूलाई सांगठनिक प्रशिक्षण दिईएको थियो । थापाथलीस्थित रावावैंक तालीम तथा विकास विभागको सभाकक्षमा आयोजक संगठनका अध्यक्ष चन्द्रराज अधिकारीको सभापतित्वमा संचालित उक्त कार्यकममा एकिकृत ने.क.पा. एमाओवादीका केन्द्रीय सदस्य तथा जनवर्गिय संगठन व्यूरोका प्रमुख जनार्दन शर्मा (प्रभाकर) र ने.रा.क.सं. महासंघका अध्यक्ष मोहनमान स्वांरले अन्तर्राष्ट्रिय ट्रेड युनियन गतिविधिका बारेमा, रावावैंकका प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्माले रावावैंकको वर्तमान अवस्था र भावी रणनीतिबारे, ने.रा.क.सं. बैंक तथा वित्तीय संस्था राष्ट्रिय समितिका अध्यक्ष प्रेम प्रसाद खनालले ट्रेड यूनियन गतिविधिबारे प्रशिक्षण दिनुभएको थियो । उक्त तालीम कार्यकममा संगठनको विभिन्न महत्वपूर्ण तह र ओहदामा रहेका ७० पदाधिकारीको सहभागिता रहेको जानकारी संगठन सुत्रले दिएको छ ।

## समवेदना

यस बैंकको शाखा कार्यालय, भद्रपुरमा कार्यरत सहायक पांचौ श्री पोरे प्रसाद खतिवडा (६१४८) का पिता नारायण प्रसाद खतिवडाको मिति २०७०।५।१ मा, शाखा कार्यालय सानोठिमीमा कार्यरत सहायक पांचौ श्री श्याम वहादुर खडका (१०२२३) का माता सिता खडकाको मिति २०७०।५।२ मा, शाखा कार्यालय, विर्तामोडमा कार्यरत सहायक पांचौ श्री नारायण गिरी (८३११) का माता गंगा माया गिरीको मिति २०७०।५।२८ मा, शाखा कार्यालय, इटहरीमा कार्यरत क.सु.गार्ड श्री मिलन सुन्दास (११२७७) को पिता पूर्ण वहादुर दमाईको मिति २०७०।५।१२ मा, शाखा कार्यालय सूखिपुरमा कार्यरत नगद सहायक श्री लक्ष्मेश्वर मण्डल (५८६४) का पिता खुसी लाल मण्डलको मिति २०७०।६।३१ मा, शाखा कार्यालय, जलेश्वरमा कार्यरत नगद सहायक श्री जय गोविन्द मिश्र (७४४१) की माता मनतोरिया देवी मिश्रको मिति २०७०।७।२९ मा, के.का. कर्जा असुली बिभागका ना.मु.अ. श्री कृष्ण प्रसाद वास्कोटा (९४९६) की माता रुद्र कुमारी वास्कोटाको ९० वर्षको उमेरमा मिति २०७०।८।२२ मा, के.का.कृषि तथा सामाजिक बैंकिङ्ग बिभागका ले.अ.राममणि अधिकारी (८७९६) की द्वितिय माता दण्ड कुमारी अधिकारी (६९) को २०७०।८।६ गते, शाखा कार्यालय महाराजगंजका ले.अ.प्रभुदास न्यौपाने (९५८३) की माता श्रीकला न्यौपाने (९३) को २०७०।८।१८ मा, मु.शा.का.काठमाडौंका ले.अ.मुकुन्द खड्का (१०३१३) की माता जानुका खड्का (७१) को मिति २०७०।८।२५ मा, शाखा कार्यालय, वुटवल खस्यौलीका सहायक चौथो रघुनाथ गौतम (९०४४) की माता कौशल्या गौतमको मिति २०७०।८।३ मा, के.का.का सुरक्षा गार्ड किरण कुमार खत्रीका पिता लाल वहादुर खत्री (८५) को केही पहिले निधन भएकोमा दिवंगत आत्माहरूको चिरशान्तीको निम्ती सर्वशक्तिमान परमेश्वरसँग प्रार्थना गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**राष्ट्रिय वाणिज्य बैंक**
परिवार

## राष्ट्रिय वाणिज्य बैंक समाचारको अनुरोध

**यस समाचारमा प्रकाशनार्थ कार्यक्रम विवरण, तस्वीर लगायतका सूचना सामग्रीहरू कार्यक्रम सम्पन्न भएको तीन दिनभित्र तलको ठेगानामा पठाई सहयोग गर्नुहुन यस बैंकका सम्पूर्ण विभाग, कार्यालय तथा चार वटै यूनियनहरूलाई अनुरोध छ साथै रा.वा.बैंक समाचारको एक प्रति जनसाधारणले देख्ने गरी सूचना पाटीमा टाँस्ने व्यवस्था निम्ति सबै शाखा कार्यालयहरूलाई अनुरोध छ ।**

**सम्पादक**
**राष्ट्रिय वाणिज्य बैंक समाचार**
**राष्ट्रिय वाणिज्य बैंक**
**केन्द्रीय कार्यालय**
**सामान्य सेवा विभाग**
**सिंहदरवार प्लाजा काठमाडौं, ईमेल :** rbbnl@rbb.com.np
**फ्याक्स : ४२४९५६५**

# सफलताको कथा

## रु १३५००० । मा एक बोका बिक्री, त्यो पनि नेपालमै उत्पादित, सुन्दा आश्चर्य लाग्न सक्छ, तर यो सत्य हो ।

**सहरी क्षेत्रमा विभिन्न उद्योग व्यवसाय अप्ठेरोमा परिरहेका बेला गाउंमा नै करोडौंको लगानीमा बाख्रा पालन व्यवसायमा जुटेका छन् एक उद्यमी । वर्षैनी अरबौंको मासु आयात हुने नेपालमा आयात प्रतिस्थापन मात्र होईन खसीवाख्राको निर्यात प्रवर्ध्दन समेत गर्ने महान उध्देश्यका साथ लागि परेका छन् धादिंग धार्केका एक उद्यमी नवराज आचार्य । करिब २५ रोपनी क्षेत्रफलमा फर्म संचालन गरेका आचार्यले हाल १०० वटा बोयर प्रजातिका बाख्रा पालेका छन् यो संख्यालाई १००० पुरयाउने उनको योजना छ । उनले नियमित १ र आवधिक १० गरी कुल ११ जनालाई रोजगारी दिएका छन् । देशका धेरैजसो वाणिज्य बैंकहरूले जग्गा जमीन, गाडी, सुन जस्ता अनुत्पादक क्षेत्रका कर्जा ग्राहकलाई गेटमै रातो तुल विछ्याउंछन्, कफि खुवाउंछन र अत्यन्त सस्तो ब्याजदरमा हाताहातै ऋण उपलब्ध गराउंछन् तर कृषिजन्य व्यवसायको लागि ऋण माग्नेहरूलाई बैंक परिसर प्रवेशमै कडाई हुन्छ मानौ उनीहरूको पसिना नै बैकलाई गन्हाउँछ, ऋण त धेरै परको कुरा भन्ने आरोप समाजकै एक हिस्साबाट लागिरहेको बेला झण्डै एक दशकबाट केबलपुर गा.वि.स. वडा नं ९ धार्के बजार धादिंगमा वाख्रा पालन व्यवसायमा संलग्न वाग्मती बाख्रा पालन उद्योगका प्रो. नवराज आचार्यलाई राष्ट्रिय वाणिज्य बैंकले रु ५० लाखको कर्जा सेवा पुरयाएको छ । प्रस्तुत छ रावावैंकको ४९ औं वार्षिकोत्सवका अवसरमा प्रकाशित गरिने रावा बैंक समाचारका लागि कृषि तथा सामाजिक बैकिंग विभागका प्रमुख विष्णु प्रसाद पौडेल र शाखा कार्यालय खानीखोलाका प्रवन्धक गोविन्द प्रसाद प्याकुर्‍यालको सहयोगमा उद्यमी नवराज आचार्यसंग उनकै व्यवसाय थलोमा रावावैंक समाचारका प्रधान सम्पादक मुकुन्द अर्यालले गरेको संक्षिप्त कुराकानी:**




**समाचार** :कहिलेदेखि शुरु गर्नु भयो बाखापालन ?

आचार्य :वि.सं. २०६० वैशाखबाट शुरु गरेको हुं । २०६२ मा करिव २०० वटा लोकल बाख्रा थिए ,पछि अफ्रिकी Boer प्रजातिको विउ अफ्रिका र भारतबाट ल्याएं । अहिले यहि Boer प्रजातिका १०० थान बाखाहरू छन् ।

**समाचार** :अधिकांश उद्यमीको रोजाई सहरी क्षेत्रमा अन्य उद्योग व्यवसाय संचालन गर्ने रहेको वर्तमान परिवेशमा कहांबाट पाउनुभयो गाउंमा बसेर बाखापालन गर्ने प्रेरणा ?

आचार्य :यो मेरो अन्तरमनबाटै प्राप्त गरेको हो, प्रतिष्पर्धा नरहेको उपयुक्त व्यवसाय ठानी यसमा हात हालेको हुं । मेरो अन्तरप्रेरणालाई विभिन्न बैकले चासो देखाएकोमा रावावैकले वित्तीय रुपमा नै सघाएको छ । रावावैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले यस स्थानको २ २ पटक स्थलगत अवलोकन गरिसक्नुभयो । रावावैंकका नायव महाप्रवन्धक गोपालचन्द्र शर्माले मेरो यस अवधारणालाई निकै मलजल गर्नुभयो, संस्थागत र व्यक्तिगत रुपमा समेत मध्दत पुराउने प्रतिवध्दता प्रकट गर्नुभयो, २ पटक स्थलगत अवलोकन पनि गर्नुभयो ।

**समाचार** :बैंकबाट लिएको ऋण यहांको व्यवसाय प्रवर्ध्दनमा कत्तिको सहयोगी रहेको पाउनुभएको छ ?

आचार्य :एकदम सहयोगी छ । वार्षिक आर्जन आकर्षक छ तर पूर्वाधार र आधारभूत ज्ञान विनानै यो व्यवसाय आरम्भ गरेकोले आम्दानी पूर्वाधार निर्माणमा खर्च भईरहेको छ । थप रु १ करोड ऋण पाए वार्षिक ३ करोड प्रतिफल आउने अनुमान छ ।

**समाचार** :अरू बाख्रा पालन गर्न इच्छुकलाई के सुझाव दिनुहुन्छ ?

आचार्य :पहिलो त दृढ आत्मविश्वास हुनुपरयो ,बाख्रा पालनबाट केही गर्न सकिन्छ भन्ने किनकि मासुको बजार अझै पनि प्रशस्त छ । त्यस पछि जग्गा,खोर घांस लगायतका उपयुक्त पूर्वाधारको व्यवस्था । बाख्रा पालन गर्ने जग्गा दक्षिण मोहडाको र खोर उत्तर दक्षिण मोहडाको उपयुक्त हुन्छ । हरियो घांस उत्पादनको व्यवस्था मिलाउनु परयो । उन्नत जातको बाखाको मासु बढी हुन्छ, र यो मासु कोलेष्टोरेल फ्रि पनि हुन्छ । धनआर्जन र स्वास्थ्यको हिसावले समेत उन्नत जातका बाख्रा बढी उपयोगी हुन्छन् ।

**समाचार** :यो बोयर प्रजातीको बाख्राको प्रतिकिलो कति पर्छ ? बढीमा कतिसम्मको बेच्नुभएको छ ?

आचार्य :यसको प्रतिकिलो रु २००० देखि ३००० सम्म पर्छ र बढीमा १३५०००। सम्मको बोयर बोका बेचेको छु ।

**समाचार** :व्यावसायिक सन्तुष्टि कत्तिको छ ? व्यवसाय विस्तारका के कस्ता योजना छन् ?

आचार्य :सन्तुष्ट छु, दिनमै कम्तिमा ४, ५ जनादेखि १०० जनासम्म आगन्तुक आउंछन् अवलोकन गर्न । खुशीको कुरा हालै कृषि मन्त्रालय अन्तर्गतको एक संस्था PACT ले यस उद्योगलाई हालै ५० हजार डलर अनुदान दिने निर्णय गरेको छ । अफ्रिकाको बिउ नेपालमा पाईनु नेपाली र छिमेकी भारतीयहरूको लागि समेत सुखद हुने छ । जहाँसम्म आगामी योजनाको कुरा छ Boer प्रजातिको पाठा पाठीको उत्पादन बढाइ बाख्राको संख्या एक हजार पुऱ्याउने योजना छ ।

**समाचार** :तपाईको व्यावसायिक योजना सफल रहोस्, बैंक समाचारको तर्फबाट यहांलाई हार्दिक शुभकामना । अरू थप केही भन्नु छ कि ?

आचार्य :रावावैंकलाई धन्यवाद ।

# रावावैंकको ब्रान्चलेस बैकिंग (विएलवि) सेवा

**देशमा वित्तीय पहुँच र समावेशिता अभिबृद्धि गर्ने उद्देश्यले राष्ट्रिय वाणिज्य बैंक लि. ले विभिन्न ९ स्थानमा ब्रान्चलेस बैकिंग सेवा उपलब्ध गराउंदैआएको छ । प्रविधि र स्थानीय अभिकर्ताको माध्यमबाट संचालित यस सेवाबाट अधिकांश ग्राहकहरू त प्रशन्न नै छन् , तर रावावैंकको प्रतिनिधि भई कारोवार गर्ने अभिकर्ताहरूको अनुभव के छ ? के छन् विएलविका समस्या र संभावना यहि प्रसंगमा रावावैंक समाचारले रावावैंक ब्रान्चलेस बैकिंग ठोसे (रामेछाप )का अभिकर्ता सुरेश कुमार श्रेष्ठसंग संक्षिप्त कुराकानी गरेको थियो । प्रस्तुत छ उक्त कुराकानीको सार :**

**समाचार** : कति ग्राहकलाई के के सुविधा उपलब्ध गराईरहनुभएको छ ?

सुरेश : हाल हामीले कुल ३६१ ग्राहकलाई रकम झिक्ने, रकम जम्मा ,निशुल्क रेमिटान्स लगायतका सेवाहरू ३६५ दिन नै उपलव्ध गराईरहेका छौं ।

**समाचार** : विदाको दिनमा पनि कारोवार हुंदोरहेछ ,स्थानीय जनतालाई निकै सुविधा पुगेको महसुस भएको होला । केही अप्ठेराहरू पनि छन् कि विएलवि संचालनमा ?

सुरेश : हो निकै सुविधा पुगेको छ , केही अप्ठेरा पनि छन् ।

**समाचार** : कस्ता अप्ठेरा होलान् ? रावावैंकको सेवालाई फराकिलो पार्न के कस्तो सुधार गर्नु पर्ला ?

सुरेश : विएलवि सेवाबाट ग्राहकलाई प्रति पटक रु १००००। र दिनमा ५००००। सम्म भुक्तानी दिन सकिने व्यवस्था छ ,यसलाई प्रति पटक रु ५००००। बनाउन सके हामी र ग्राहक दुबैलाई सजिलो हुने थियो । त्यस्तै कोष संचालन गर्न शून्य लागतमा हामीलाई उपलव्ध गराईएको रु ५ लाखबाट बढाई १० लाख पुरयाउन पाए हाम्रो कारोवार सहज हुन्थ्यो । अभिकर्तालाई उपलव्ध गराईदैआएको पारिश्रमिक अलि न्यून भएको अनुभव भएको छ, यसलाई कारोवारको आधारमा दिने व्यवस्था गर्न सके हामी अभिकर्ता अरू प्रोत्साहित हुने थियौं । यस विएलवि रामेछाप जिल्लामा पर्छ तर यसको नियन्त्रण शाखा चरिकोट दोलखा जिल्लामा पर्दछ । यो जिल्ला अन्तरको कारणले मन्थलीबाट कारोवार गर्नेलाई सेवा शुल्क लाग्दा स्थानीय जनतालाई असुविधा भएको छ ।




अत: मन्थलीबाट गरिने कारोवारलाई निशुल्क बनाउन सके ग्राहकलाई सुविधा पुग्ने थियो । साथै मन्थलीलाइ पनि केन्द्रीय सर्वरमा जोडी एटिएम कार्ड बनाउने सेवा उपलव्ध भएको खण्डमा पुराना ग्राहकलाई सजिलो हुने थियो ।

**समाचार** : अरू केही सुझाव छ कि ?

सुरेश : सबैभन्दा राम्रो त ठोसेमा शाखा नै स्थापना भईदिए राम्रो ।

# विभिन्न स्थानमा...

**चौरजहारी (रुकुम)**/रुकुम जिल्लाको विजेश्वरी गा.वि.स.वडा नं ३ मा ०७० असोज १६ गते देखि रावावैंकको १४६ औं शाखाद्वारा सेवा आरम्भ भएको



*मंगलम् भगवान विष्णु मंगलम् गरुडध्वज ........शाखा कार्यालय चौरजहारी, शुभारम्भको एक झलक*

छ । उक्त शुभारम्भ समारोहमा राष्ट्रिय वाणिज्य बैंक क्षेत्रीय कार्यालय नेपालगन्जका उपप्रमुख प्रेम चन्द, शाखा प्रवन्धक तुलाराम गोशाई, कम्प्युटर सहायक मेघनाथ ढकाल लगायत स्थानीय उद्यमी ,व्यवसायी तथा ग्राहक वर्गको समुपस्थिति थियो ।



*शाखा कार्यालय चौरजहारी, शुभारम्भ पश्चातको एक झलक*

पूर्ण सरकारी स्वामित्वमा संचालित राष्ट्रिय वाणिज्य बैंकले देशभरका ६५ जिल्लामा कुनै पनि शाखा बैंकिंग सेवा (एविविएस) सहितका १४८ शाखा कार्यालय, १० वटा काउन्टर ९ वटा ब्रान्चलेस बैकिंग मार्फत १७ लाख बढी ग्राहकलाई बैकिंग सेवा पुरयाउदैआएको छ। यस बैकका ७० स्थानमा आफनै एटिएम आउटलेट रहेका छन् ।

**दिङ्ला (भोजपुर)** भोजपुर जिल्लाको एक महत्वपूर्ण व्यापारिक केन्द्र दिङ्लामा मंसीर २४ गते राष्ट्रिय वाणिज्य बैंक लि. को शाखा कार्यालय पुनर्स्थापना



*शाखा कार्यालय दिङ्ला शुभारम्भ समारोहको एक झलक*

गरिएको छ । पुनर्स्थापित उक्त शाखा कार्यालयको राष्ट्रिय वाणिज्य बैंक क्षेत्रीय कार्यालय विराटनगरका प्रवन्धक दिनेश बहादुर कार्कीले एक समारोहका बीच शुभारम्भ गर्नुभयो । रावावैंक शाखा कार्यालय दिङ्लाका प्रवन्धक अमृत राज पौडेलको सभापतित्वमा सम्पन्न सो समारोहमा उद्यमी रमेश श्रेष्ठ,अरूण उच्च मा.वि.का प्राध्यापक रविन्द्र अधिकारी ,स्थानीय गा.वि.स.सचिव खड्गा सुवेदी र रावावैंक शाखा कार्यालय भोजपुरका प्रवन्धक विनोद श्रेष्ठ लगायतका वक्ताले मन्तव्य दिनुभएको थियो । उक्त कार्यक्रमको संचालन क्षेत्रीय कार्यालय विराटनगरका चण्डी भट्टराईले गर्नुभएको थियो ।

राष्ट्रिय वाणिज्य बैंकले विगत केही वर्षयता प्रविधिको बृहत र जनशक्तिको न्यूनतम प्रयोगमा ध्यान दिंदै शाखा विस्तारको नीति अघि बढाएको छ । शुरु दिनदेखि नै कम्प्युटरीकृत रुपमा पुनर्स्थापित उक्त शाखा कार्यालय ३ मान्छे बैकिंग (प्रवन्धक १, क्यास तर्फ १ जर्नल तर्फ १ कर्मचारी) को अवधारणा बमोजिम ३ कर्मचारीद्वारा संचालनको व्यवस्था मिलाईएको छ ।

# रावाबैंकको ४९ औं...

अभियान समिति ,विभागीय प्रमुख केशव प्रसाद लम्सालको संयोजकत्वमा ३ सदस्यीय साहित्यिक तथा आर्थिक लेख रचना प्रतियोगिता उपसमिति, विभागीय प्रमुख सुनिल कुमार रेग्मीको संयोजकत्वमा ३ सदस्यीय रक्तदान उपसमिति, विभागीय प्रमुख गोपाल प्रसाद पौडेलको संयोजकत्वमा ३ सदस्यीय प्रचार प्रसार तथा विज्ञापन उपसमिति, विभागीय प्रमुख सुरेन्द्र कुमार वजिमयोको संयोजकत्वमा ३ सदस्यीय मन्च व्यवस्थापन तथा जलपान व्यवस्था उपसमिति गठन गरिएको छ ।

यसै उपलक्षमा राष्ट्रिय वाणिज्य बैंक खेलकुद समितिद्वारा अगम मान गुभाजुको संयोजकत्वमा टेबल टेनिस प्रतियोगिता, माधव प्रसाद गौतमको संयोजकत्वमा म्यूजिकल चियर (महिला) प्रतियोगिता, राम प्रसाद जोशीको संयोजकत्वमा व्याडमिन्टन प्रतियोगिता आयोजन उपसमितिका साथै दीपक कुमार श्रेष्ठको संयोजकत्वमा पुरष्कार व्यवस्थापन समिति गठन गरिएको छ ।

# राष्ट्रसेवकको निवृत्तिभरण...

यस सम्वन्धी प्रणालीको नेपाल सरकारका मुख्य सचिव लीलामणि पौडेलले पुस २८ गते आयोजित एक समारोहका बीच शुभारम्भ गर्नुभयो । सो समारोहमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव कृष्णहरि वांस्कोटा ,राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्मा सम्वद्ध बैंक अधिकारी लगायत केही सेवा निवृत्त राष्ट्रसेवकको समुपस्थिति थियो ।

# सरकारी कारोबार सम्बन्धी...

होटल एभोकार्डो एण्ड अर्किड रिसोर्ट प्रा.लि. मा संचालित सो तालिम कार्यक्रममा मेची देखि महाकाली सम्मका २८ वटा शाखा




कार्यालयको सहभागिता रहेको थियो | तालीम तथा विकास विभागका ले.अ. श्री मणी ढुंगानाको समेत सहभागिता रहेको उक्त कार्यक्रममा सहभागीको तर्फवाट शाखा कार्यालय गाईघाटका सहायक प्रवन्धक श्री उमेश नेपालले मन्तव्य राख्नु भएको थियो भने कार्यक्रम संचालन सहायक पाचौ श्री राजन सिग्देलले गर्नुभएको थियो |

Published by: Rastriya Banijya Bank, Central Office, General Service Department
Singhadurbar Plaza, Kathmandu, Ph: 4252595
Chief Advisor : CEO Krishna Prasad Sharma, Advisor : E.D. Jyoti Chandra Ojha, Chief Editor : Mukunda Aryal,
Co-editor (Distribution Management): Bharat Nepal, Email:rbbnl@rbb.com.np
Computer Design & Setting : Touch Creation P. Ltd., Bagbazar, Kathmandu,Tel: 01-4215448
Printed at : Public Printing Press Pvt. Ltd., Kathmandu